CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशित

# आत्म प्रकाश

द० नं० - ३३१
के
पु० वि०
पुस्तकालय
मू० १।—

उपदेशक

० क्षितीशचन्द्र चक्रवर्ता

डी.फिल्०वि,एल्०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

202

# आत्मा-प्रकाश

वेदान्त-329

अद्वैत महाविद्यालयको परिचय कक्षाको
लागि निर्धारित ग्रन्थरत्न

उपदेष्टा

ब्रह्मनिष्ठ

डा० क्षितीशचन्द्र चक्रवर्ती ज्यू

(एम्०,ए०डी०फिल्०वि०,एल्०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* प्रकाशक

अद्वैत महाविद्यालय
क्षेत्रपुर नारायणगढ, चितवन
नेपाल ।

* दोश्रो संस्करण २००० प्रति

सर्वाधिकार सुरक्षित अद्वैत महाविद्यालय नारायणगढ ।

* २०२५ लक्ष्मीपूजाको उपलक्षमा

* मूल्य १।५०

* मुद्रक:—

साक्षात्कार छापाखाना
नारायणगढ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# प्रार्थना

यो सानु महत्व पूर्ण मोक्षोपयोगी ग्रन्थरत्नको पहिलो संस्करणले मुमुक्षुजनको ठूलो हित गरेको छ। किनकि यो अनमोल ग्रन्थरत्नमा अविनाशी तत्व मानवको वास्तव अखण्ड सुखस्वरुप, शुद्ध चैतन्य (ब्रह्म) लाई स्पष्ट रुपले लखाइ दिववसेको छ। अनात्मा जो मानव को वास्तव स्वरुप होइन त्यसको सहजले निराकरणको साधन पनि यस्मा देखाइ मुमुक्षुजनको लागि ठूलो अनुग्रह प्रदान गरिबवसेकोछ। यसैले यसको माग बढन गएकोले यो ग्रन्थरत्न पुन प्रकाशन गर्न पाउनुबाट अत्यन्त हर्षको साथ परम पूज्य गुरु चरणमा सभक्ति वन्दना चढाउं छु।

ग्रन्थरत्न सानु आकारमा भए तापनि यसले सत्य वस्तु जो कुनै अवस्थामा हराउँदैन यस्तो नित्यानन्द स्वरुपलाई प्रदान गरेको छ। यसरी सरल रुपले यस्तो मोक्षोपयोगी उपदेश प्राप्त हुनु हामीहरुको माथी ईश्वरको गुरुको ठूलो अनुग्रह हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो ग्रन्थ-रत्नलाई अद्वैत महाविद्यालयको पाठ्य पुस्तकमा पनि समावेस गरिएकोछ । यसले भर्खर प्रवेश गरेका उपशन्न शिष्यलाई अविनाशी परमात्मा तत्व जो आफ् देखि अभिन्न हो यस्तो शुद्ध चैतन्य प्रकाशरूपको सहजले पुनराय प्राप्ति गर्न अत्यन्त सजिलो पारेकोछ । यो हो पूण्य-भूमि नेपालको लागि ठूलो देन ।

पूज्य-भूमि नेपाल देशमा पुण्यमूर्ति श्री ५ महेन्द्रको सुशासनकालमा यो मोक्षोपयोगी ग्रन्थलाई अवलम्बन गरिकन देहादि देखि रहित नित्य वस्तु जो हरबखत रहन्छु, यस्तो प्रकाश स्वरूप आफूमा आफ् बुद्धि गरी उसैमा स्थितभैं अखण्ड सुखको अनुभव-श्रद्धालु सबै मुमुक्षुले पाई मुक्त होउन् । यही अन्तरस्थित श्री पसुपतिनाथमा कोटि कोटि प्रार्थना चढाउँछु ।

श्री बसन्तलाल "अद्वैत हृदय"
सभापति, अद्वैत महाविद्यालय
क्षेत्रपुर, नारायणगढ ।
नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# विषय सूची


१) श्रद्धालुलाई दिएको पत्र ... १

२) शिवपूजाको सारांश ... ७

३) साक्षीको ज्ञान ... ... १३

४) ईश्वर भरोसा ... ... १५

५) संसार भ्रम मात्र हो ... १८

६) आफूनै अद्वैत शुद्ध वस्तु हो ... २६

७) निष्काम कर्म ... ... २८

८) निष्काम भक्ति ... ... २८

९) चित्त शुद्धिको लक्षण ... २९

१०) विचार ... ... २९

११) साक्षीको स्वरूप ... ३२

१२) ईश्वर अनुग्रह ... ... ३३

१३) सत्संगको नियम ... ... ३४


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४) साक्षीमा रहने उपाय ... ३५
१५) एकान्त ... ... ३९
१६) विवेक चुड़ामणिको सार ... ४२
१७) साक्षीभाष्य (मसिनु कुरा) ... ४६
१८) झन् मसिनु कुरा ... ४८
१९) योगवाशिष्ठको सार ... ५१
२०) ज्ञानीको स्वरूप ... ५३
२१) ईश्वरको शरण ... ५५
२२) ज्ञान प्राप्त गर्न मुख्य २ जान्नु पर्ने कुरा ६०
२३) रामगीताको सार ... ६३
२४) ज्ञानको निमित्त अभ्यास ... ६४
२५) सूक्ष्म कुराहरू ... ... ६९
२६) अन्तिम विदा हुने समयको उपदेश ७१
२७) रहस्य कुरा ... ... ७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द० नं० ६३११
वा. वि. पी. पुस्तकालय
मू. १।-

# अमृतोपदेश

श्रद्धालुलाई दिएको पत्र

(१) आफ्नु खेतीपाती, व्यापार स्वतः संस्कार को बलले भैरहँदाखेरि नाफा नोक्सानको कुरा र मैले गरिराखेको यस्तो कर्तृत्व बुद्धि मनमा बिलकूल उठ्न नदिएपछि तिमीहरूको कल्याण हुन्छ,

(२) गर्नेवाला आफू कोही मानिस नभए तापनि र नाफ़ा नोक्सानको कुरा नफुराए पनि व्यापार वेलामा बेसरी आफै आफ हुँदै गर्छ, उसमा व्यापारको बारेमा जुन सं-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



स्कार आफ्नो चित्तमा बसिराखेको छ त्यही संस्कार आफूबाट भैराखेको व्यापारमा मदत दिन्छ ।

( ३ ) यसरी व्यापार चल्दै रहन्छ, नोक्सान पनि हुन्छ, तर चित्तमा खेद नमान्नु र लाभ पनि हुन्छ, चित्तमा हर्ष नलिनु । नोक्सान भयो या लाभ भयो भन्ने त्यो कुराको अन्तस्करणलाई थाहा भए तापनि उसमा म भाव र मेरो भाव दुईटा चित्तको तामसिक बिकार उठ्न नदिनू । तामसिक विकार तब उठ्छ जब राजसिक विकार (चित्तको-खेद) किम्वा सात्विक विकार (चित्तको हर्ष) हुन्छ । व्यापार हुँदाखेरि किम्वा लाभ नो–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


क्सानको थाहा हुँदाखेरि चित्तमा केही कुरा आउन नदिईकन चित्तलाई ज़स्ताको तस्तै राखि छोड्नू ।

(४) जति लाभ हुन्छ, त्यसको दशांश परमार्थंक़ो लागि सज्जनमा अर्पण गर्नू, जसबाट तिम्रो लाभ हुन्छ । त्यसलाई बिर्सेदेखि अर्थात् सारा लाभ भएको अर्थलाई आफ्नु निम्ति खर्च गरेदेखि आफ्नो कल्याण हुँदैन । परमात्मालाई नचढाएपछि अर्थात् धनलाई सत्कर्ममा नलगाएपछि धन नष्ट भएर जान्छ र तिमीलाई झन् दुःख प्राप्त हुन्छ । सज्जनलाई चढाएदेखि तिमीलाई पुण्य मिल्छ ( धनको राम्रो उपयोग हुन्छ, अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


नष्ट हुँदैन ) र तिम्रो चित्त अत्यन्त सन्तुष्ट र प्रसन्न रहन्छ । व्यापारमा नोक्सान भएपछि परमात्मालाई याद गर्नु र त्यो धन हाम्रो होइन भन्ने जानेर नोक्सानमा पनि चित्तलाई खिन्न हुन नदिनू । कुनै अवस्थामा पनि चित्तलाई खिन्न गर्नु उचित छैन, किनकि, लाभ नोक्सान, संयोग–वियोग सब प्रारब्धअनुसार हुँदै गर्छ । प्रारब्धमा अलिकति पनि घटी बढी हुन सक्दैन ।

(५) प्रारब्धअनुसार कमाइएको धनबाट सज्जनहरूको सेवा गरेपछि धनको संरक्षण आफ्नो चित्तको प्रसन्नता मात्र हुँदैन, किन्तु परमात्माको अनुग्रहले तिम्रो चित्त शान्त रहेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भित्र बसिराखेको जो परमात्मा तत्वरूप सुख हो उसको स्वतः अनुभव हुँदै जान्छ । यो स्वतः अनुभवको जुन सुख हो त्यै नै परमात्मा भन्ने वस्तु हो । यसरी तिम्रो चित्त प्रसन्न रहन्छ र शान्त चित्तबाट स्वतः परमात्माको अनुभव हुँदै जान्छ । तिम्रो यथार्थ आफ्नो स्वरूप जो परमात्मा तत्त्व हो त्यै कुरा तिमीलाई थाहा भइरहन्छ ।

(६) एवं प्रकारले आफू भन्नी अरू केही वस्तु को थाहा नभैकन आफ़ू भन्ने परमात्मा वस्तु हुन् यस्तो अनुभव बढ्दै जान्छ, त्यसपछि तिमीसच्चा निर्लोभी श्रद्धालु मानिस भएपछि, त्यै आफ्नु स्वरूप भनी जो परमार्थ साँचो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वस्तुलाई, तिमीले अनुभव गरिराखेका छौ, त्यही वस्तु शुद्ध, चैतन्यरूप हो । उही अद्वितीय एक रस प्रकाशरूप र अखण्ड आनन्दरूप वस्तु नै हो, यस्तो तिम्रो अनुभव भएर आउँछ ।

(७) यसरी आफू शुद्ध प्रकाशरूप वस्तु मात्र हुँ भनी तिम्रो स्पष्ट याद पनि गुरुको आशीर्वादले वेलामा भइहाल्छ र तिमी सदाकालको लागि सुखी हुन सक्छौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# शिवपूजनको सारांश

यहाँ पूजन भनेको हो—सम्यक ज्ञान-लाई। यथार्थ जान्नुको नाम हो—पूजन। 'सारा सब शिव हो' भनी निश्चय गर्नु, जान्नु नै शिवपूजनको अर्थ हो। अखण्ड चेतनरूप र अद्वितीय हुनाले आनन्दरूप सद्वस्तुलाई 'शिव' भनिएको छ सुषुप्ति कालमा स्वतः अनुभव हुने वस्तु नै 'शिव' हो। वेदान्तशास्त्रमा शिवलाई ब्रह्म भनिएको छ। यो शिवलाई दुई किसिमले पूजन गर्न अर्थात् यथार्थसित जान्न सकिन्छ।—(१) शरीरको बाहिरी शिवलाई जानेर, (२) शरीरको भित्री शिव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लाई जानेर ।

## बाहिरी शिवपूजा

बाहिर देखिने सारा पदार्थलाई शिवरूप सम्झनु बाहिरी शिवपूज़ा हो । अर्थात् स्थूल दृश्य प्रपञ्च शिवदेखि भिन्न छैन । सारा सब शिव नै हो भन्ने सम्झनु अर्थात् बाहिरी पदार्थ दर्शनकालमा अन्तस्क़रणको ब्रह्माकार वृत्ति उत्पत्ति भइराख्नु हो शिवपूजा।

घट देख्यो, पट देख्यो, पहाड देख्यो । अन्तस्करणमा घट पट पहाडको भित्र अनुस्यूत रूपले रहिराखेको सत् चित् सुखरूप ब्रह्म वस्तुलाई विचारद्वारा ठहराउनु अर्थात् नामरूपको आकारले अन्तस्करणलाई आकारित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



( घटाकार, पटाकार वृत्तिको उत्पत्ति ) हुन नदिनु। घट पटको आकारमा चित्त खण्डित हुन नपाएपछि चित्त अखण्डित रूपमा रहिरहन्छ, अर्थात् अनुभव मात्र प्रकाशित भइरहन्छ । यसैलाई बाहिरी शिवपूजा भन्दछन् ।

## भित्री शिवपूजा

भित्री शिवपूजा बाहिरी शिवपूजाभन्दा धेरै उत्तम हो। भिन्न भिन्न परिस्थितिमा हामीहरूको भिन्न भिन्न वृत्ति हुँदै गर्छ । जस्तो कहिले सुखाकार वृत्ति हुन्छ, कहिले दुःखाकार वृत्ति हुन्छ, कहिले केही विषयको चिन्तन हुन्छ, कहिले भय हुन्छ, उद्वेग हुन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चिन्ता हुन्छ, पीर आउँछ, राग हुन्छ, द्वेष हुन्छ, हर्ष हुन्छ, विषाद हुन्छ—यस्ता भिन्न भिन्न वृत्तिहरू उत्पन्न भैकन भित्र निर्विकार रूपले र स्वयंप्रकाश रूपले रहिरहेको साक्षी स्वरूप आफूलाई ढाकिदिन्छ । यसरी साक्षी स्वरूपको वृत्ति द्वारा पराभव हुन नदिनु हो—साक्षी शिवस्वरूपलाई प्रकट हुन दिनु । यसरी हरहालतमा अनावृत साक्षी स्वरूपको हृदयमा भासमानता अर्थात केही अनात्मा—कार वृत्ति उठाईकन शिवस्वरूप आफूलाई ढाकी नदिनु हो—आन्तर शिवपूजा ।

व्यवहारमा कसरी यस्तो पूजा गर्नु ? यसको जवाफ यो हो कि जस्तो अवस्था पनं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जाग्रत्, संगत्, विपत्, हरहालतमा वृत्तिसित मिलिराखेको प्रमाता आफूलाई र वृत्तिहरू-लाई आत्मादेव साक्षीचेतन यथार्थ आफूमा अर्पण गरिदिनु अभाव तुल्याउनु । त्यसो भए सुखस्वरूप शिव हृदयमा प्रकाशित हुनुहुन्छ । अचंचल हृदयमा शिवस्वरूप स्थित हुनुहुन्छ ।

आन्तर शिवपूजनको फल हो ब्रह्मस्वरूप आफूलाई साक्षात्कार गर्नू । वृत्तिहरूको शि-वस्वरूप साक्षीमा अर्पण गर्नु को ( पूजा गर्नु को, स्वरूपलाई नबिर्सनुको ) अभ्यास परिपक्व भए चित्त अखण्डित भएर आउँछ । यस्तो अखण्डाकार चित्तमा प्रमातृ भाव ख-डा हुन पाउँदैन र शिवपूजाको पुण्यले विषय वासना घटेर जान्छ र चित्तमा केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वत्तिहरू फुर्ने सम्भव हुँदै हुँदैन । फुरेको कु-रालाई शिवजीमा चढाएदेखि ज़ब ज़ब जो कुछ फुर्छ सब शिवजीमा अर्पण गर्ने अभ्यास भएदेखि सारा कुराहरू हराउँछन्। कुरहरूको वासना पनि क्षय हुन्छ र चित्त पनि बिलकूल वृत्ति शून्य (पूज़ाको पुण्यले) भैंहाल्छ । अखण्ड चित्तमा शिवस्वरूप भरीभराउ रहन्छ र शिवस्वरूप स्वयं प्रकाश हुनाले साभास अखण्ड अन्तःकरणद्वारा शिवस्वरूपको ज्ञान हुन्छ । केही आवरण नरहेको हुनाले शिवस्वरूप नीरावरण रूपले स्वयं प्रकाशित हुन्छ । यही हो शिवस्वरूपको साक्षात्कार [ स्वरूपानुभव वाशिष्ठसारमा आत्मार्चन अध्याय हेर्नु] ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# साक्षीको ज्ञान

अनुभवरूपमा स्थित हुनु माने निर्दृश्य द्रष्टा याने साक्षीमा स्थित हुनु । ब्रह्म-मा पुग्ने एकमात्र राजमार्ग यही हो । ब्रह्मबाट यो संवेदन, संवेदनबाट चित्त र चित्तबाट ज़गत् खडा हुन्छ । यो सब कुरै कुरा मात्र हो, वास्तवमा केही छैन । हाम्रो तुच्छ कुरामा बुद्धि भएकोले यी सब कुरै कुरा मात्र हुन् भन्ने कुरामा पत्यार हुँदैन । सुषुप्ति-हेर्नु—आफ़ू सिवा अरू केही पनि छैन । सुषुप्तिलाई सदा याद गर्नु । सौषुप्त जो सुषुप्तिलाई प्रकाश गर्छ त्यै ब्रह्म हो । ग्रन्थि-को नाम साक्षी हो । चेतन र पंचतनमात्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


(वासना ) को एकै भावको नाम साक्षी हो । वासना माने समष्टि । समष्टि वासना अवच्छिन चेतनको नाम साक्षी हो । उसैको नाम सम्बेदन अहंकार हो ।

खण्डित बुद्धि (ससारी बुद्धि) नै आसुरी संपद् हो र अखण्डित बुद्धि ( ब्रह्मचिन्तन ) नै दैवी संपद् हो । अखण्डित बुद्धि राख्नु नै काम हो । हैरान हुने काम प्रमाताको हो । आफ़ू प्रमाता भाव स्त्रीकार नगरे (बुद्धिलाई कहिले पनि खण्डित हुन नदिए) हैरान हुनुको कामै छैन । त्यसैले बुद्धिलाई कहिल्यै पनी खण्डित हुन नदिनु माने विषयमा वृत्ति जान नदिनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अन्तःकरण वासनाको एक छेउ हो । ठूलो हिस्सा हो अविद्या या वासना । त्यसैले अविद्यालाई पनि नाघ्नुपर्छ ।

# ईश्वर-भरोसा

ईश्वर भरोसामा परेको मानिसलाई संसार केही फुर्दैन । ईश्वर भरोसा भन्ने कुरा कसैले बुझेको छैन । ईश्वरको पूरा भरोसा भए ईश्वर ज्ञान दिनुहुन्छ, सुखी तुल्याइदिनुहुन्छ। यसमा मानिसको केही इच्छा फुर्दैन । नफुर्नु नै ईश्वरभरोसा हो । वासनावशात् फुर्ला, तर जानी-बुझी फुर्न पाउँदैन । यो भक्तको लक्षण हो ।

ईश्वरको भरमा परेको मानिस फुराउँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


फुराउने काम ईश्वरको हो। ईश्वरको भरमा पर्नु आफ्नु कर्तव्य हो। बाँकी कर्तव्य होइन, किनकि प्रारब्धद्वारा सिद्ध हुन्छ।

दृश्यबाट जतिजति उपराम हुन्छ, उति-उति प्रमातृ वासना घट्दै जान्छ। ईश्वरको भर परे अन्तरालको वस्तु देखिन आउँछ, अनुभवमा आउँछ। दृश्यमा दिल रहे दृश्यमा मिल्छ। दृश्यबाट द्रष्टामा दृष्टि परे हराउँछ। त्यसकारण जगत्लाई प्रेम नगरी ईश्वरको आश्रय लिनु। दृश्यबाट अलग हुनु हो समाधि अर्थात् दृश्य देख्नुमा नआवस्। समाधिमा दृश्य देखिंदैन। द्रष्टामा स्थित हुने उपाय हो, दृश्य झुट्टा हो भनिजान्नु। त्यसो भए झुट्टापट्टि लाग्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बुद्धि तीखो हुन्छ, ईश्वर परायण भए। तीखो बुद्धिलाई सूक्ष्मबुद्धि भन्छन्। सूक्ष्म बुद्धि भए कुरा बुझ्नमा आउँछ सूक्ष्म बुद्धि हो, चित्त शुद्धि। चित्त शुद्धि भए म मेरो भावना रहँदैन। म मेरो भावना नहुनुलाई ईश्वर परायण भन्छन्। कर्मबाट सत्य कुरा मिल्दैन। कुरा मिल्छ म र मेरो भावना छुटे। नत्र होम सेवाले के हुने! सेवा त नोकरले पनि गर्छ। तर चित्त शुद्ध हुँदैन। किन! म गर्नेवाला भैंदिनाले। त्यसकारण काम शरीरले गर्छ, म र मेरो भाव किन चाहियो। म र मेरो भावनाले जन्म मरण छुट्दैन। त्यसकारण म र मेरो भावलाई ईश्वरपरायण भै हटाइदिनु। म र मेरो भाव साँचो होइन। साँचो वस्तु हो म र मेरोलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जान्नु ॥ जान्नेवालामा दृष्टि राख्नु ।

## संसार भ्रम मात्र हो

व्यवहार हुन्छ अविद्या वृत्तिद्वारा. अन्तस्करण उठाउनु पर्दैन । जस्तो स्वप्नको व्यवहार हुन्छ त्यस्तै यो व्यवहार पनि बिलकूल स्वप्न हो यो सब ख्याल ख्याल हो । हाँस्नु परे हाँसिदिनु, रुनुपरे रोइरिनु । तर विकारी नबन्नु, सब भुट्टा हो भनी बुझिलिनु । काम काजहुन्छ प्रकृतिबाट । प्रकृति केही होइन, यो संवेदन हो । क्रिया शक्ति हो सारा संकल्प मात्र हो । स्फुरणरूप मात्र हो, भएको वस्तु एक पनि हैन । हेर्नु सुषुप्ति । सुषुप्तिमा केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रहँदैन । स्वरूपमा स्फुरण छैन । सब तिम्रो कल्पना मात्र हो । जस्तो सुषुप्तिमा स्फुरण छैन । स्फुरण चीज हैन । त्यसकारण सब व्यवहार स्वप्न जस्तो सम्झेर व्यवहार गर्नु । त्यसो भए सुखी दुःखी बन्दैन । हाँसी खुशी गरिदिनु । यस्तो व्यवहार भएमा ईश्वर देखिन्छ ।

दृश्यमा चित्त नभए दृश्य छैन । दृश्य सच्चा माने सन्तोष हुँदैन । स्वप्न जस्तो पनि हुँदैन । त्यसकारण सन्तोष मान्नु, सन्तोष माने स्वप्न जस्तो प्रतीत हुन्छ । तब दुःखी बन्दैन ।

आफू याद रूप हो, प्रकाश रूप हो । दृश्य-सङ्ग नमिले द्रष्टाको याद भै रहन्छ । दृश्यमा मिथ्या बुद्धि गर्नु, अर्थात् नीरस जान्नु. त्यसो भए आफ्नो याद हुन्छ । अफ्नो याद भैराख्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लाई बिचार भन्छन् ।

सारा व्यवहार गर्नु, निष्काम भावले । आशापूर्वक केही व्यवहार नगर्नु, सन्तोष राख्नु । ईश्वर को भर पर्न कोही सक्दैन । भर परे त पुगिहाल्ने, आफ्नु भाग कहीं जाँदैन । प्रारब्ध को भरोसा परे जो कुछ परमात्मा गर्नु हुन्छ ।

ईश्वरमा दृष्टि भए मानिस निश्चिन्त हुन्छ । ईश्वरको यादविना चिन्ता हराउने बाटो छन । शरीरको भरमा पर्ने मान्छे अत्यन्त सानु हुन्छ । किन ! शरीर असत्य हो । आफू पनि असत्य हुनु नभएको बराबर हो । संसारलाई मिलाउन कोही सक्दैन, कारण वस्तु नभएको हुनाले, अर्थात् कल्पित कुरा हुनाले मिलाउन बन्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मरुभूमिमा पानी देखिन्छ, त्यो पानी पिएर तिर्खा हट्दैन । त्यस्तै संसार मिलाउन सकिंदैन । किन ? भ्रम प्रतीत मात्र हुनाले ।

आफू हरहालतमा छ, अर्थात् आफूको अ वय छ. जाग्रत् स्वप्नमा छैन, जाग्रत् स्वप्न सुषुप्तिमा छैन, आफू छ यसबाट सिद्ध हुन्छ, आफू सत् वस्तु हो, आफू सदा रहेको वस्तु-हो। दृश्यको व्यतिरेक छ । अवस्थाहरू नहुनु छ। नहुनु सच्चा हैन । हुनु सच्चाहो । आफू प्रसिद्ध वस्तु हो। आफूलाई छोप्न सकिंदैन ।

प्रतिक्षण पुण्य चाहिन्छ, त्यसो भए आफूलाई देख्न सकिन्छ । ज्ञानीको बुद्धि आत्मरूप हुन्छ । आत्मा कहिले पनि कुण्ठित हुँदैन । जो सारा कुरा जान्दछ, त्यसलाई सर्वज्ञ भ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


न्छन् ।

ठूलो वस्तु प्राप्तिको लागि चानचुन कुरालाई छोडिदिनुपर्छ । जस्तो सत्सङ्गलाई त्यागी होम्न लाग्यो । होम त फेरि नमिल्ने सत्सङ्ग त छँदै छ नि, यस्तो उल्टा बुद्धि उदय हुन्छ । प्रारब्धको कुरा कसैले बुझ्न सक्दैन । प्रारब्धलाई कसैले हटाउनु सक्दैन, यो कुरा कसैले बुझ्दैन, तब फँसिहाल्छ । ईश्वरपरायण भए सानुतिनु कुरामा अलमल हुन सक्दैन । सत्संगबाट स्वरूपको पहिचान हुन्छ । स्वरूपको पहिचान भए दुःख छुट्दछ । साध्य वस्तु सबैलाई थाहा छ । तर साधन (बाटो) कसैलाई थाहा छैन । कारण अनुकूल छैन । ईश्वरपरायण नभए अनुकूल कसरी हुने । त्यसकारण सदा ईश्वरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



यादमा रहनू। ईश्वरको याद हो, विषय चिन्तन नहुनु। नचिताए सर्वनाश हुन्छ भनिठान्छ। झूट कपटबाट नाफा मिल्दैन। नाफा मिल्छ प्रारब्धबाट।

बैराग्यको मूल हो ईश्वरको भरोसा ईश्वर भरोसा भए कषाय अभाव बृत्ति इत्यादि कुराको वास्ता चाहिएन। किन ? ईश्वरले उचाली पार लगाई दिनु हुन्छ॥

पदार्थ छैन भन्ने कुरा हटे अभाव वृत्ति पनि हट्छ। अभाव पनि बृत्ति रूप हो। स्वरूपमा भाव अभाव छैन, जस्तो सुषुप्ति।

मान्छे, नभएको संसारलाई पनि लंघन गर्न सक्दैन। सत्संगविना यो कुराको बोध हुन सक्दैन। सारा मानिस संसारलाई साँचो ठा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



न्दछन् अनि दुःख पाउँछन् । संसार साँचो हैन । जस्तो स्वप्न । सुषुप्तिमा त्यो पनि छैन, आफू बाँचिराखेको हो । २।४ दिन बस्नु हो, फँस्नु किन ? ख्याल ख्यालसँग व्यवहार गरे पुग्छ । मुख्य काम त हो परमात्माको विचार । अलि दुःख पर्ला, त्यसले के भयो ! २।४ दिनको हो सदा रहिरँहदैन, तब चिन्ता किन ! संसारको वस्तु यथार्थ भएदेखि त्यसबाट सुख मिल्ने थियो । तर अवस्तु हुँदा सुख मिल्दैन । छोरा-छोरी सब वासनामय हुन् । भएको कुनै वस्तु हैन । आफू मात्र सत्य वस्तु हो, जस्तो सुषुप्ति। स्वप्नमा जति छोरा–छोरी देखिए पनि भएको छोरा–छोरी हैन, सब झुट्टा हो, यस्तै यो पनि सब झुट्टा हो । तब चिन्ता किन ? म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


मेरो भाव नराखी जो रहन्छ, त्यो ईश्वरपरा-
यण बुद्धि हो। कमसे कम दिनको आधा ब्रह्म
चिन्तनमा लगाउनू त्यसो भए आत्मसंस्कार
बन्न पाउँछ। अभ्यास हो संस्कार बनाउनु।
मनुष्यको काम हो संस्कार वनाउनु, खानु पि-
उन हैन। दिल नराखे पनि खान पान सारा
चल्छ। व्यवहारको निम्ति दिल चाहिंदैन।
दिल परमात्मामा राख्नू। परमात्मामा दिल
राखे सब काम राम्रोसंग चलिरहन्छ। चीजहरू
रहँदैनन् एकदिन छुटिहाल्छन्। चीजहरू स-
त्पात्र ज्ञानी महात्माहरूलाई चढाए संतोष
पनि हुने, कल्याण पनी हुने, त्यसै गए शोक
मात्र हुने। महात्मालाई चढाउनु माने परमा-
त्मालाई चढाउनु हो। वैकुण्ठमा जानुपरेन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सत्पात्रमा चढाए आफ्नो चित्त चाँडैनै प्रसन्न हुन्छ,कल्याणको अनुभव हुन्छ ।

## आफू नै अद्वैत शुद्ध ब्रह्म हो ।

आफू एक जना हो । दुईटा छैन । ईश्वर अर्को मानिस होइन । ईश्वर आफू हो । त्यं आफूमा सृष्टि भासेको हो । आफूमा वासना भएकोले स्वप्न देखिएको हो । त्यसमा सार केही छैन । सार वस्तु त आफू हो । त्यै आफू जाग्रत्, स्वप्न, सुषुप्ति, समाधिमा दुईटा २ बन्न जान्छ । जस्तो जाग्रत्मा अलमल गर्ने १ त्यसलाई जान्ने अर्को । स्वप्नमा पनित्यस्तै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


सुषुप्तिमा एक भोक्ता दोस्रा भोक्ता—साक्षी । समाधिमा पनि एक ध्याता दोस्रा ध्येय ब्रह्म । आफू दुइटा देखिए तापनि हर अवस्थामा एकजना हो, त्यसो भए अर्को एक जना भ्रमको झुट्टा हो । त्यसो भए जाग्रत्मा आफू प्रकाशक द्रष्टा हो । स्वप्नमा पनि प्रकाशक हो । सुषुप्तिमा पनि भोक्ताको साक्षी र समाधिमा पनि आफू ध्येय वस्तु हो । ध्याता आफू हैन । यस्तो विचार दृढ तुल्याए झुट्टो आफूको परित्याग हुन्छ । सच्चा आफूमा आफू बुद्धि हुन्छ । भएको कुरालाई जान्नु, काम यत्ति हो ।

विषयबाट जति जति उपराम हुन्छ, उति उति सच्चा आफ्नु याद आउँछ । कुरा श्रद्धाले मान्नु, विश्वास गर्नु, तब अनुभवमा आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



## निष्काम कर्म

शरीर, इन्द्रियद्वारा, कर्म हुँदै गर्छ, तर आफ्नो मनमा म मेरो भाव उठ्न नदिनु यो हो निष्काम कर्म ।

## निष्काम भक्ति

( यसलाई उपासना पनि भन्दछन् )

मनद्वारा ईश्वर चिन्तन गर्दै गर्नु, तर म मेरो भाव उठ्न नदिनु यो निष्काम भक्ति-योग हो । फरक के हो । स्थूल शरीरको चेष्टा निष्काम कर्मयोगमा छ । सूक्ष्म मनको क्रिया भक्तियोगमा छ । यो दुई चित्त शुद्धिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हेतु हुन्। यी दुई नभए चित्त शुद्धि हुँदैन।

## चित्त शुद्धिको लक्षण

आत्मा अनात्माको विवेक हुनु, अनात्मा-बाट विरक्त हुनु, चित्त शान्त हुनु, इन्द्रिय निग्रह हुनु र मोक्षको इच्छा हुनु, यति कुरा शुद्ध चित्तका लक्षण हुन्।

## बिचार

चित्त शुद्धि भए ज्ञाननिष्ठा आउँछ, स्व-रूपको विचारमा लागिरहन्छ, अर्थात्, श्रवण, मनन, ध्यान समाधि साक्षात्कार हुन्छ।

प्रारब्ध साथसाथ छँदैछ। शरीर, स्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पुत्र, परिवार चिन्तनको आवश्यक छैन ।

भीष्म, तुलसीदास, रामकृष्ण सब महात्माहरू उपासक हुनुहुन्थ्यो । अर्थात् निष्काम भक्त हुनुहुन्थ्यो । त्यसपछि उहाँहरूलाई चित्त शुद्धि र कालान्तरमा ज्ञान पनि प्राप्त भयो।

निर्धक्क भै रहिदिनुलाई भन्छन् ईश्वरको भरपर्नु । चिताउनुबाट आफूलाई केही मिल्दैन अविद्याको स्फुरणबाट विकार हुँदैन । स्फुरणलाई सच्चा माने विकार हुन्छ, उसैलाई अन्तस्करणको बृत्ति भन्छन् । त्यसैलाई मना गरेको हो, फुराउन मना गरेको हो, अन्तस्करणको वृत्तिलाई । कुरा वनाउनु हो, अन्तस्करण बृत्ति सच्चा बोलिदिनु हो अविद्या वृत्ति । त्यसैलाई ईश्वरको शरण पनि भन्छन् । अन्तस्क-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रणलाई उठ्न नदिनुनै हो सारा साधन । सुषुप्ति-मा अन्तस्करण छैन, सुख सँग बसिरहेको हो । आफू ब्रह्मको छाँट हैन, आफू ब्रह्मस्वरूप नै हो । छाँट हुन त दुईटा चाहियो । यहाँ दुई-टा छैन । आफू एक हो आफूलाई ब्रह्म भनी देखिराख्छ, सुषुप्तिमा जस्तो आफू सत्रूप, चित्रूप सुखरूप प्रतीत हुन्छ, ।

संसारमा शरीर इन्द्रियहरू लागिरहुन् आफू त लाग्नु हुँदैन । किनभने आफू हो प्र-काशक । आफू सानु हैन, दुःखी हैन । सानु भनी दुःखी भनी भन्ने कुरालाई जसले जा-न्दछ त्यही सच्चा आफु हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# साक्षीको स्वरूप

साक्षी हो दृश्यलाई जान्ने, दृश्य नभए पनि रहने। त्यसो भए दृश्यसँग नमिली रहने। त्यसो भए दृश्य साक्षीदेखि भिन्न वस्तु हैन, दृश्य उसैको अंग हो। उसैमा रहेको हो, उदेखि भिन्न हैन। एवम् प्रकारले द्रष्टा भन्ने सारा कुराहरूकै स्वरूप हो। द्रष्टा प्रकाश रूप हो, दोस्रो वस्तुसंग नमिलेको हो। त्यसकारण प्रकाश पनि भएन, द्वैतरहित शुद्ध चेतन हो। त्यही ईश्वर तत्व हो। उसैमा वासना बसेको हुन्छ, उही स्वरूपको अभ्यास भए वासना नष्ट हुन्छ र ब्रह्म बन्न आउँछ। त्यै कारण महावाक्यद्वारा साक्षीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एकता ब्रह्मसित बताउँछ, साक्षी ब्रह्म हो य-स्तो बताउँछ । कसोरी ! वासना नाश भए साक्षी ब्रह्म हुन्छ । साक्षीको नाम वाशिष्ठ-मा सम्वेदन राखेको हो, उसैलाई अन्तवाहक शरीर भन्छन् । चित् जड ग्रन्थि 'गाँठो' उही हो, शांकर सिद्धान्तमा साक्षी भनेको, वाशि-ष्ठ सिद्धान्तमा संवेदन परिभाषा राखेको हो।

## ईश्वर अनुग्रह

जतिजति सत्शास्त्र सत्संगमा रुचि बढ्दै जान्छ, उतिउति ईश्वरको अनुग्रह हो । ई-श्वरको अनुग्रहविना यसमा रुचि बढ्दैन । संसा-रको रमाइलो हुनु अर्थात् संसारको अनुराग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हुनु, ईश्वरको रोष अर्थात् असन्तोष हुनु हो । आफ्नो २ वृत्ति हेरी थाहा हुन्छ । आफूमा ईश्वर अनुग्रह छ छैन, आफैले जान्दछ ।

## सत्संगको नियम

आफूभन्दा ज्यादा ज़ान्नेको संगत गर्नु, त्यसो भए आफ़ूलाइ लाभ हुनेछ । त्यस्तो नपाए दोस्रो कम जान्ने आफूसंग सत्संग गर्न आए सत्संग गरिराख्नु । तर उनीहरूको ज्यादा नाफा हुने आफ्नो कम हुने अर्थात् ज्यादाको संगत मिले कमलाई छोडिदिनू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# साक्षीमा रहने उपाय

विचारद्वारा साक्षीस्वरूपमा स्थिति ग-न्दछ । देहभाव सदा रहँदैन । देह आउँछ, हराउँछ । सुषुप्तिमा देह रहदैन । स्वप्नमा जाग्रत देहदेखि भिन्न देह देखिन्छ । जाग्र-मा हुँदाखेरि पनि देहभाव देखिंदैन । देहको याद नभए देह हराउँछ । दोस्रा वस्तुको या-द हुँदा देहको याद रहँदैन । त्यै कारण देह आफू हुन सकेन । देह नभए तापनि आफू रहन्छ । सुषुप्तिमा देह छैन, आफू छ। एवम् प्र-कारले देह आफ्नो स्वरूप ठहदैन । दुई व-स्तुको सन्धिकालमा किम्वा जाग्रत् आदि दु-ई अवस्थाको अन्तरालमा कुनै वस्तु कुनै अवस-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



था रहँदैन । त्यै सन्धि दशामा आफ्नो यथार्थ स्वरूपको अनुभव हुन्छ । त्यै स्वरूप सदाकाल रहिरहन्छ । जाग्रत, स्वप्न, सुषुप्ति, समाधि हरहालतमा त्यै आफू रहिरहन्छ । त्यसो हुनाले त्यै आफ्नो स्वरूप हो भनीकन जान्नु हो साक्षी स्वरूपमा स्थित हुने जुक्ति । फेरि जब जब मन फुर्दैन, तब तब प्रमाता भाव हराउँछ । देहको र संसारको चिन्तन नगरे देह र संसार प्रतीत हुँदैन भन्ने ज्ञान रहिरहन्छ। त्यै ज्ञान आफ्नो यथार्थ स्वरूप हो ।

मन खडा भएपछि ज्ञानस्वरूप ढाकिहाल्छ । देहभाव हो मनको वृत्ति मात्र । देहभाव मनमा फुर्छ । मन नभए देहभाव रहँदैन । मृत्यु, मुर्छा, सुषुप्ति, समाधि आदि दशामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मन रहँदैन । त्यसकारण देह भाव पनि उठ्दैन । देहभाव भन्ने कुरा देहको याद भए मात्र सिद्ध हुन्छ, देहपट्टि ख्याल नगरे देहभाव तत्कालको निमित्त रहँदैन । स्वरूपको याद निरन्तर भरहे देहभावको संस्कार शिथिल हुन्छ । पूर्णरूपले देहभाव सुन्ने मन भए जीव देह सुन्ने हुन्छ । एवम् प्रकारले जति–जति आफ्नो चिरन्तन स्वरूपको याद भै रहन्छ, त्यति त्यति देहभाव शिथिल हुन्छ । देहभावलाई याद नगरीकन स्थित हुनुको नाम हो साक्षीस्वरूपमा स्थित हुनु । फेरि मनुष्यको स्वभाव हो आनन्द । देहभाव स्वीकार गरे आनन्दस्वरूप ढाकिहाल्छ र देह धर्मको ग्रहण हुन्छ । बढ्नु, घट्नु, दु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ब्लाउनु आदि देहधर्म हृदयमा फुरेपछि, आनन्दस्वरूप हराइहाल्छ। त्यै कारणले पनि देहभाववाट विरत भैकन रहेदेखि त्यै देहभावको अभावलाई ज़ान्ने आफ्नो स्वरूप प्रकाशित हुन्छ। एवम् प्रकारको जुक्तिले देह आफू ह्वैन भनीकन ज़ान्दै देहभावको अभाव जो अवधि हो अर्थात् देहभाव नरहे जो स्वरूप परिशिष्ट रहन्छ, उसैलाई साक्षी भनिन्छ। त्यसकारण हरहालतमा देहभावको याद हटाइदिए स्वतः साक्षीमा स्थित बन्दछ। किन! आफू साक्षी नै हो। देहभाव आएकोले मात्र साक्षीलाई ढाकिदिएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# एकान्त

एकान्तको सेवन बडो लाभदायक छ। एकान्तको सेवनविना आत्मज्ञान प्राप्त हुँदैन। आत्मासित बस्नु हो एकान्त विषयमा मात्र भुली नराख्नू। विषयबाट केही फुर्सद ली सत्संग सत्शास्त्र हेरिलिनू। शरीरको पोषणपट्टि लाग्नुपर्दैन। शरीर भए पुण्य कमाउन अनुकूल छ भनी ठगहरू भन्छन्। शरीर पोषण गर्छ भोगको निमित्त। भजनको निमित्त शरीरको पोषण चाहिदैन। शरीरको पोषण गर्छ प्रारब्धले। आफू भजनमा लागिदिनू, यस्तो सजिलो कुरा छ। जति जति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चेताउनु हटाइरहन्छ, उति र स्वरूपको ज्ञान वढदै आँउछ त्यसकारण सदा एकान्तको सेवन गर्नु। कसैसंग नमिल्नू, मिले ठूलो हानि हुन्छ। नमिली बस्न सक्नु नै ठूलो पुरुषार्थ हो। मानिस निश्चिन्त दुई कुराको आधारमा वस्न सक्छ। (१)संस्कार (२)ज्ञान। संस्कारको भर परीकन पनि मानिस वस्न सक्ने र जानी बुझीकन पनि वस्न सक्ने, चित्त शुद्धिको पहिल्यै जो वस्न सक्ने हो संस्कारको भरमा हो। मुमुक्षुवस्न सक्ने विचारको भरमा, ज्ञानी ज्ञानको भरमा। भक्त हरू बस्छन् संस्कारको भरमा। यो दुई कुरा जसका छैनन् उ निश्चिन्त वस्न सक्दैन। संस्कार के कुरा हो ? पहिले २ जन्मको जो ज्ञान हो उस-लाई अहिले संस्कार भन्छन्। अहिलेको ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



संस्कार दृढ़ भए नयाँ संस्कार उत्पन्न हुन्छ । त्यसलाई भन्छन् आत्माको संस्कार । कोही मान्छेले पूर्व पूर्वजन्ममा भगवत् भक्ति गरी आयो, त्य भक्तिको संस्कार उसको छ, त्यैं संस्कारको भरब ट अहिले उ ईश्वरको भरमा पर्न सक्छ। बलियो चीज हो संस्कार । मानिस संस्कार बुझदैन, तब दुःखी बन्छ । मनुष्य जीवनको काम हो संस्कार बनाउनु । व्यवहार त स्वतः प्रारब्धबाट भैरहन्छ । बनाउनु कसले पर्दैन स्वतः बनिबनाउछ । सारा संसारको टण्टा मानिसले बनायो । टण्टा एक पनि छैन । न बनाए टण्टा-फण्टा कहाँबाट भर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# विवेक-चूडामणिको सार

जागा रहीकन केही कुरा फुर्न नदिनु, अर्थात् पदार्थको चिन्तन नहुनु। पदार्थको चिन्तन हुनुनै चित्तको खण्डित हो। चिन्तन नभै जागा रहने माने बुद्धि लय न हुनु र केही कुराफुर्न नदिनु, माने बुद्धिलाई खण्डित हुन नदिनु, त्यसो भए बुद्धिलय भएन, खण्डित पनि हुन पाएन, तब सिंगै आत्माको अनुभव हुन्छ, जागा भै घटको चिन्तन गरे घटको अनुभव हुन्छ। जागा रही पटको चिन्तन गरे पटको अनुभव हुन्छ, जागा रही केही चिन्तन नगरे आत्माको अनुभव हुन्छ, अर्थात् सुखको अनुभव हुँन्छ। अभ्यास हो सधै आत्माको अनुभव गरि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


रहनु। कैले पनि बिच बिचमा पदार्थको चिन्तन हुन न दिनु, एवम् प्रकारले सधैं आत्माको चिन्तन भैराखे चित्त अखण्डित रहने,विषय चिन्तन नभए चित्त खण्डित हुन पाउँदैन। यही चित्तको अखण्डित रहनु र सधैं आत्माको अनुभव भैराख्नु, यो चित्तको परिणाम हैन,कुनै प्रकारको विकार हैन किन्तु चित्तको स्वाभाविक अवस्थान हो। चित्त जस्तो वस्तु हो त्यस्तै चित्तलाई राखिछोड़नु। चित्त हो चित्वस्तु। विषय चिन्तन भएमात्र चेतन वस्तु चित्त नामले कहिन्छ विषय चिन्तन हुन पाएन भने चित्तभाव हराउँछ (विकार हराउँछ) र चेतनरूपले अवस्थान गर्छ। सदाकाल चित्त खण्डित हुन पाएन भने त्यस्तो अखण्डित चित्तलाई साक्षात्कार भन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(चतुर्थ भूमिका)। चित्त जस्तो हो उस्तै राखि छोड्नुलाई ब्रह्म ज्ञान भन्छन्। चित्तलाई नचलाउनु हो सारा काम। चिताएमा कुरा देखिन आउँछ। नचिताए आफू बाँकी रहन्छ ब्रह्मको अनुभव हुन्छ, सुखको अनुभव हुन्छ। अल्किति पनि चिन्तन भए सुख ढाकिहाल्छ।

अखण्ड वृत्ति कस्तोलाई भन्छन्? जस्ताको तस्तो रहिराख्नुलाई अखण्ड वृत्ति भन्छन्। यसैलाई ब्रह्माकार वृत्ति भन्छन्। यसैलाई चतुर्थी भूमिका पनि भन्छन्।

वेदान्त भन्नु मुठ्ठीभित्रको कुरा हो, किनकि आफ्नो स्वभाव वेदान्त बताउँछ। चित्त नफुराए अनुभवमा आउँछ। ब्रह्मको अनुभव केही कठिन कुरा हैन, स्वभावसिद्ध कुरा हो। केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कुरा नचिताए ब्रह्मको अनुभव भइहाल्छ । न-चिताए चित्त अखण्डित रहन्छ । चित्तको अख-ण्डित रहनु नै ब्रह्म-ज्ञान हो । जागा रहेर कहिल्यै पनि केही चिताएन भने चित्त अखण्डित भयो । चित्तको स्वभाविक स्थिति हुनु यही ब्रह्मज्ञान हो सामान्य रूपले फुरेको कुरालाई अविद्याबृति भन्छन, त्यो ईश्वरकोटिको कुरा हो । त्यसबाट केही हानि हुँदैन । त्यसलाई रमाइलो जानी, त्यसमा मिल्नु प्रमाता हो । त्यसबाट दुःख मि-ल्छ । ईश्वर अन्तवाहकको स्फुरणरूप हो, जीव-को सच्चा रूप हो । ईश्वर आफूदेखि भिन्न हुँन। पदार्थहरू रचेको हो त्यो कुरा इश्वरको थाहा हुनाले डर उदैन, आफूबाट रचेका पदा-र्थहरूलाई जीवले भिन्न सम्झी सच्चा मान्छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



विकार प्राप्त हुन्छ । सच्चा मान्नु भिन्न मान्नू-लाई भन्छन् अन्तःकरण वृत्ति, ईश्वरको बृत्ति अविद्य को वृत्ति हो ।

## साक्षीभाष्य (मसिनो कुरा)

जब दृश्य प्रकाशित हुन्छ, तब साक्षीरूपदेखि अभिन्न रूप भइहाल्छ, त्यही कारण दृष्य भिन्न रूपले रहँदैन । जुन जुन पदार्थ प्रकाशित हुन्छ, त्यँ त्यँ पदार्थ प्रकाश रूप भएर आउँछ, त्यँ कारण प्रकाशरूपदेखि प्रकाश्य भिन्न रूप हुँदैन । प्रकाश र प्रकाश्य वस्तु एउटै अभिन्न वस्तु हो प्रकाश्य वस्तु भिन्न हो भन्ने ज्ञान भेद संस्कार-बाट खडा हुन्छ, जुक्तिले पनि अनुभवले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शास्त्रले पनि प्रकाश्यवस्तु प्रकाशदेखि भिन्न हुन सक्दैन । जस्तो पानीको फोका समुद्रको पानिदेखि भिन्न हैन, मणिको झल्क मणिदेखि भिन्न हैन, त्यस्तै वासनारूपले वसिराखेको प्रकाश्य वस्तु प्रकाशदेखि भिन्न हुदैन । प्रकाश्य वस्तुलाई यसरी साक्षीबाट अभिन्न देख्नु अविद्याको वृति हो । प्रकाश्य वस्तुलाई आफूदेखि भिन्न रूपले सम्झनु, अन्तस्करणको वृत्तिरूप हो । अविद्याले देखिने पदार्थ संकल्परूप हो र देख्ने साक्षी चेतन हो । अन्त करण वृत्तिले देखिने पदार्थ अन्तस्करणको बृत्ति रूप हो र देख्ने चाहिं प्रमाता हो सुख दुःख साक्षीबाट प्रकाशित हुन्छ र अविद्याको वृतिरूप हो । त्यै सुख दुःखसित जब मिल्छ अर्थात् सुख दुःखको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जब दृढता हुन्छ अर्थात् उसमा सम्यता बुद्धि हुन्छ तब सुख दुःख अन्तस्करण बृत्ति रूपले परिणत हुन्छ । यस्तो दृढ सुख दुःखबाट विकार हुन्छ प्रमाता चेतनको ।

## झन् यसिनु कुरा

विकारी ज्ञाता हो प्रमाता । निर्विकार ज्ञाता हो साक्षी । आफू साक्षी पनि हैन, आफू निर्विकार ज्ञाता पनि होइन । आफू त्यसदेखि माथि सद्रूप वस्तु हो । यही सद्रूप वस्तु हो, आनन्दरूप ।

प्रमातादेखि दृश्य भिन्न हो । साक्षीदेखि दृश्य भिन्न हैन । आफूमा भिन्न, अभिन्न छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भिन्न, अभिन्नदेखि उत्तम शुद्ध ब्रह्म हो । यै हो वेदान्तको अन्तिम सिद्धान्त ।

सृष्टि वास्तव हो ।..... १ (प्रमाता)
सृष्टि सत्य हन स्वप्न मात्र हो । २ (साक्षी)
सृष्टि भएको वस्तु हुँदै हैन स्वप्न मात्र, सृष्टि मात्र भन्ने कुरा पनि वास्तवमा हैन । ३ (ब्रह्म)

(१) अन्तस्करणको बृत्तिरूप (दृश्य) मोटा
(२) अविद्याको बृत्तिरूप (दृश्य) मसिनु
(३) अद्वैत ब्रह्मरूप जसमा माया किंवा दृश्य पनि छैन (निरदृश्य)

सुषुप्तिबाट जागेपछि जाग्रतमा नपुगेसम्म देहको भान हुँदैन । तब जगतको भान कहाँ हुने ! आत्माको भान छ, सुखको अनुभव छ, दुःख भन्ने कुरा छैन । किन ! चित्तवृत्ति छैन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



त्योको ? आफू आफूलाई सदा देखिराखेको हो । शरीर त धेरै नै पर छ,शरीर फेला पर्दैन तब जगत कहाँ फेला पर्ने ।आफूलाई,देहरहित चित्तरहित जगत्रहित देखिन्छ।त्यस्तै आफूलाई याद राख्नु आफू जस्ताको तस्तै छ।आफू विग्रेको छैन । आफू विग्रेको भए सुध्रन सम्भव छैन। त्यसकारण आफू सदा अबिकारी भैरहेको हो। अरू कुरा सबै संसारले खडा गरेको हो, भएको केही छैन । जस्तो वेताल बालकले खडा गर्छ। त्यो वेताललाई नाश गर्न,बेताल छैन भनी बाबुले भनेको बचनलाई पत्यार गर्नु पऱ्यो । त्यस्तै यहाँ पनि जगत् छैन भनी पहिले गुरु, शास्त्रको वचनमा भर पर्नु पऱ्यो, पछि साक्षात्कार वृति उदय भए जगत्को अभाव प्रत्यक्ष देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जगत् हराउन धेरै वेर लाग्दैन किनभने छँदै छैन खालि तिमीले मानिराखेको मात्र हो, जस्तो स्वप्नको जगत्। मानिस त्यसै भ्रममा पर्छ, कस्ता, कस्ता विद्वान्हरूले पनि सक्दैनन् मैले कसरी सक्ने भनी मानिलिन्छ। स्द्विान् को ही छैन, सब मानिराखेको मात्र हो स्वप्न हेर्नु आफू मात्र रहेको हो, विद्वान् को थियो। आफू मात्र हो तब असम्भव किन, सम्भव मात्र हो।

## योगवाशिष्ठको सार

सुषुप्तिबाट भर्खर उठ्यो, जाग्रतमा पुगेको छैन। अहिले जगत्पट्टि देखराखेको आफू हो अर्थात् जगतको वासना लिएर बसेको आफू हो यसलाई, ईश्वर, 'सम्वेदन, 'साक्षी,' कहिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



त्यहाँबाट आफूमा जगत्रूप स्वप्न फुर्छ, त्यसमा आफूको स्वप्नको शरीर पनि देखिन्छ, त्यो शरीर आफ़ू हैन । बाँकी स्वप्नको ज़ो ज़गत् देखिन्छ, त्यो पनि सच्चा हैन । सच्चा हो आफू साक्षी जसबाट शरीर र जगत् सारा वस्तु फुरिराख्यो । त्यो साक्षी पनि आखिरमा आफू ह्वै न । किन ! ज़गत्को वासना बोकी बसेको हुनाले । जगत् छैन भने त्यस को वासना बोक्नु के कुरा होला । त्यसो भए सुषुप्तिमा अनुभव भएको जो 'सद्रूप, चिद्रूप, र सदा रहिराखेको आनन्दरूप वस्तु छ, त्यही आखिरी आफू हो, उसैलाई सच्चा आफू (ब्रह्म) भन्छन् । यही हो सारा योगवाशिष्ठको सार कुरा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सुषुप्ति (फुर्ना छैन) यसको नाम हो ज़ागा ।
सन्धि (फुर्न आँटेको) जागा र स्वप्नको बीच ।
सुषुप्ति जाग्रत्
जाग्रत् फुरेको स्वप्न (स्वप्न)

---

## ज्ञानीको स्वरूप

आफ़ू आत्मा हो, स्वयम् प्रकाश पनि हो, तर आफ़ूको आत्मा थाहा हुन पाएन । किन ! मन उठेको हुनाले । मनलाई नउठाए आफूको स्वरूप थाहा हुन्छ । बुद्धिमानी हो मनलाई उठ्न नदिनु । मनलाई उठ्न नदिए पनि व्यवहार संस्कारबाट चलिरहेको हा ठान्नु नै मान्छेको अलिकनि भूल हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भूल के हो ? आफूलाई कर्ता ठान्नु । शरीर इन्द्रियहरू प्रकृतिबाट चलिरहन्छन् । काम गर्न मन चाहिएन, तब मनलाई के गर्नुपर्‍यो मनलाई ज़ागा राखी चित्त खण्डित हुन नदिनु, तब ज्ञानी भैहाल्छ । ज्ञानी भए स्वरूपको पहिचान हुन्छ । शरीर, स्वरूप हैन, शरीर ज्ञानी हैन, शरीर प्रारब्धअनुसार चलिरहन्छ, तब के बिग्यो । मानिस के के ठान्छ के के ! शरीरलाई चलाउनु, मायाकोकार्य हो, त्यसै चलिरहन्छ, त्यसको केही फिक्री लिनुपर्दैन । फिक्री लिए पनि बन्ने केही हैन । तब फ़िक्री किन !

सुषुप्तिमा मन रहँदैन, आफ्नो केही हानी हुँदैन, आफू सिंगै बसिराख्छ । नचि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


ताए पनि आफ्नो केही हानि भएको छैन, सुखसंग बसिराखेको हो । एवं प्रकारको युक्तिले मनलाई छोड्दै छोड्दै छोडिदिए आफू सुखसंग रहन्छ । जस्तो सुषुप्ति । आफ्नो, शरीर, इन्द्रिय, मन छैन । शरीर, इन्द्रिय, मन अन्तस्करणको विकार हो, आगमापायी हो नाशवान् हो । आफू ज्ञानरूप हो, बनाउनु पर्ने होइन । तब के मुश्किल कुरा छ । उल्टा समझलाई मिल्काइदिनु मात्र काम हो ।

## ईश्वरको शरण

ईश्वरको शरण कति कुरा हो । शरण परेको मान्छेलाई कति कुराको कस्तो अनुभ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



व हुन्छ । शरण लिनेलाई के फल मिल्छ । यो पण्डितहरूलाई पनि थाहा छैन । उनीहरू चेताइराख्छन्, चेता उनुको भर पर्छन् । ईश्वर भन्ने कुरा चित्तमा कैले पनि फुर्दैन । जस्तो द्रौपदी, प्रल्हादहरूको कुरा गीतामा भनेको छ । यिनीहरूलाई आपत् परे पनि परमात्मालाई संझिराख्छन् परमात्मा आपदबाट उद्धार गरिदिनुहुन्छ । त्यै कारण भक्तहरूलाई ठूलो मान्छे भन्छन् ।

चित्तलाई परमात्मामा राख्नु माने, चित्तलाई ज़ागा राखी चित्तमा केही कुरा फुर्न नदिनु । चित्तले अनात्मालाई नसम्झिदिए आत्मा संझिहाल्छ । किन ! आत्मा परिपूर्ण वस्तु र स्वयम्प्रकाश वस्तु हुनाले, शुद्ध पर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


मात्मा सद्रूप वस्तु भएको हुनाले हेरिरा-
ख्नु जानिराख्नु भन्ने कुरा छैन । हेरिराख्नु,
जानिराख्नु भन्ने कुरा त साक्षीलाई हुन्छ ।
साक्षी होशियार मान्छे हो । हेर्नु जान्नुबाट
उ विकारी बन्दैन । विकारी हुन्छ मिल्नुबा-
ट, जस्तो प्रमाताको । सुषुप्तिमा हेरिराख्नु
छैन । हेर्नु नभए पनि दुःख छैन । सुषुप्तिमा
आफू ब्रह्म भैहाल्छ । कारण आफू हरहालत-
मा ब्रह्म हुनाले । छाँट हैन, आफू ब्रह्म नै हो ।

सत्संगमा ठूलो रुचि नभए कुरा दबेर
जान्छ । त्यसकारण हरहमेशा स्वरूपको वि-
चारमा लाग्नु । सदाकाल स्वरूप विचारतिर
नलागे संसारबाट छुट्न सकिदैन । अर्थात्
आत्मा वासना बलियो नतुल्याए अनात्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वासनामै पड़िराख्छ, तब सुख शान्ति मिल्दै-
न । सारा मानिसको अनात्मामै बुद्धि छ ।
आत्मातिर हेर्ने कोही छैन । आत्मातिर हेर्न-
पछि लागे संसार हराउँछ, आफू भाव हराउँछ ।
त्यसकारण सब तर्सिहाल्छन् । वशिष्ठले संसार-
लाई राख्न दिंदैन । वशिष्ठ बड़ो उदार मानिस
हो । चित्तमा केही कुरा आउन नदिई बसिराख्नु
नै अभ्यास हो । परमात्माको भरोसामा परे
कुरा पनि आउँदैन । मन छिनछिनमा फुरा-
एनभने साक्षीको अनुभव हुन्छ, अर्थात् आफू
साक्षी हुन्छ । फुराउने वासना रहेनभने आफू
ब्रह्म हुन्छ, फुराए आफू प्रमाता हुन्छ, नफुरा-
ए साक्षी । नफुराउनु पनि छैन तब ब्रह्म ।
मनको आत्यन्तिक अखण्ड हो ब्रह्म । मन छिन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



छिनमा अखण्ड भए साक्षी हुन्छ। मन खण्डित भए प्रमाता हुन्छ। त्यसकारण सकेसम्म मनलाई फुर्न नदिनु हो मनुष्यको कर्तव्य। फुराउनुबाट केही कुरा मिल्दैन। कुरा भिल्छ प्रारब्धबाट। त्यसो हुनाले नफुराएर व्यवहार, खान पान, व्यापार, इत्यादि राम्रोसंग प्रारब्धबाट सुखपूर्वक भइराख्छ। यै कुरा राम्री जान्नु नै ठूलो कुरा जान्नु हो। असत्य वस्तुमा राग गर्नु दुःखको कारण हो। संसार स्वप्न हो, भएको कुनै वस्तु छैन। मान्छे विचार गर्दैन, खोजी गर्दैन, तब कुरा कसरी फेला पर्ने। कुरा मसिनु छ, आँखाले देखिदैन। त्यसकारण जगत्को कर्ता परमात्माको आश्रय लिए मात्र कुरा देख्न सकिन्छ, नत्र कुरासुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हराइहाल्छ । शरीरमै आफूबुद्धि भइराख्छ । शरीर बिलकुल छैन, देखिन्छ तापनि छँदैछैन । जस्तो स्वप्नमा देखिए तापनि स्वप्नको शरीर छैन त्यस्तै यो देखिएको स्थूल शरीर पनि बिलकुल छैन । भए सुषुप्तिमा पनि रहने थियो सुषुप्तिमा रहँदैन, तब थाहा हुन्छ शरीर छैन । आफू शरीर विहीन मानिस हो, शरीर खड़ा भयो वासनाले । वासना रहेसम्म आतिवाहिक कहिन्छ । वासनाको नाश भए आफू शुद्ध ब्रह्म हुन्छ ।

## ज्ञान प्राप्त गर्न मुख्य२जान्नुपर्ने कुरा

(१) रचेको संसारभन्दा रचना गर्ने परमात्मामा ठूलो बुद्धि राखी शरण लिनुपर्छ । आ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फ्नो चित्त र भावनाहरू सब परमात्मामै अर्पण गरिदिनु अथवा केही चिन्तन केही भावना मनमा उठ्न नदिनु ।

(२) संसार अनित्य हो । आफ्नो स्वरूप नित्य हो भनीकन आफ्नो स्वरूपपट्टि लाग्नु र संसारको व्यवहार आदि प्रारब्धमाथि छोड़िदिनू ।

(३) रातीको स्वप्नको दृष्टान्तबाट सारा संसारलाई स्वप्न जस्तो ठान्नु र संसारको केही पदार्थमा सत्यता बुद्धि नगर्नू । आफ्नो शरीर पनि स्वप्नमै देखिन्छ, जो शरीर जस्तो जानीकन उसमा आस्था नगर्नु, किन्तु तुच्छ सम्झीकन प्रारब्धउपर सौंपिदिनू ।

(४) एवं प्रकारले जाग्रत् प्रपञ्च स्वप्न ज-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



स्तो जानीकन आस्था छोडेपछि आफ्नो स्वरूप को अनुभव भइहल्छ। स रूपको अनुभव चित्त-लाई जागा राखी केही विषय फुर्न नदीकन सजिलोसित हुन पाउँछ। स्वरूपको पूरा अनुभ सबैको सुषुप्तिमा हुन्छ। आ न् कस्तो स्वरूप हो, त्यसको साक्षात् अनुभव सुषुप्तिमा हुन्छ।

(५)३ भूमिकाको याद नारनुपर्छ। पहिला सुषुप्ति अवस्था, उसमा जीव ब्रह्मभाव प्राप्त गर्छ। दोस्रो जाग्रत् पूर्व क्षण, अर्थात् सुषुप्ति र जाग्रत्को सन्धिकाल। उसमा जीव ईश्वररूप-ले रहिरहन्छ। तेस्रो जाग्रत्काल जुनचाहिं साक्षीस्वरूपमा भर्खर फुरेको स्वप्न हो। त्यसैन प्रमाता र जगत् भाव आफूमा फुरेको स्वप्न भएको हुनाले बिलकुलै आस्थाको योग्य छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


(६) एवम् प्रकारले आफ्नो यथार्थ स्वरूप नित्य निरन्तर अनुभवमा आइराख्छ । अर्थात् आफू ब्रह्म हो यो अनुभव कहिले पनि टुट्दैन ।

## रामगीताको सार

(कर्म, भक्ति, ज्ञान. योग)

(१) संस्कारद्वारा म मेरो भाव नउठाई-कन शास्त्रमा बताएका कर्म देह इन्द्रियबाट हुन दिनु, अर्थात् स्वाभाविक कर्म हुँदाखेरि आफू-लाई त्यै कर्मको कर्त्ता नठानी जगत्लाई पनि सच्चा नमान्नु, यो सारा कुरा संस्कारबाट ब-न्दछन् । म मेरो भाव नफुराई, त्यसै अर्थात् ईश्वरमा मनलाई राखिछोड्नु अर्थात् केही वृ-त्ति नउठाएर रहिदिनु र शरीर इन्द्रियबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



स्वतः कर्म हुँदै गछँ । यसलाई 'कर्मयोग' भन्छन् ।

जब शरीर इन्द्रियबाट कर्म हुँदैन त्यै बेला पनि म मेरो भाव नउठाईकन त्यसै अर्थात् ईश्वरमा मनलाई राखिछोड्नुलाई 'भक्तियोग' भन्छन् ।

(३) ईश्वर र राखिछोड़ेको आफूलाई विचारद्वारा एकै चित् र आनन्दरूप वस्तु अनुभव गर्नु अर्थात् आफू हो, अखण्ड एक रस प्रकाश र आनन्दरूप वस्तु । यस्तो अनुभव गर्नूलाई 'ज्ञानयोग' भन्छन् ।

## ज्ञानको निमित्त अभ्यास

(४) अर्थात् लागि राखेके आफू रजसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लागिराखेको यो दुईटाको बीचमा जो भेद भाव थियो अर्थात् म लाग्ने ईश्वर लागिने वस्तु भनी यै पृथक भावलाई त्यै विचारद्वारा अर्थात् मनलाई अखण्डित राखीकन एकनास ब्रह्म-वस्तु जान्नु, त्यसो भए जीव सुखरूप हुन्छ। साधन हो मनलाई खण्डित कहिल्यै नतुल्याउनु सदा अखण्डित राख्नु, यसलाई विचार पनि भन्छन्।

मनलाई नउठाउनु नै पहिला कुरा हो र मनको आत्यन्तिक अभाव हो अन्तिम कुरा।

प्रश्नः— मनलाई नउठाउनु कसरी ?

उत्तरः— सारा कुरा परमात्मा नै हो भनी यस्नो भक्तिद्वारा जानीकन अर्थात् भक्त नभए वृत्ति उठिहल्छ। कर्मयोगीको वृत्ति उ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ठ्दैन। किन ! म मेरो भाव फुराउन दिंदैन। त्यसो हुनाले भक्ति योगीको झन् म मेरो केही प्रकारको वृत्ति फुर्न पाउँदैन जोगद्वारा (कर्म र भक्ति ) यसरी चित्त शान्ति भए, चित्त विचार-द्वारा अखण्डित रहन्छ र स्वरूपको अनुभव हुन्छ। यही अनुभवको साधन हो मनको आत्यन्तिक अखण्डता ॥

सारा शास्त्रको आखिर निचोड कुरा यो हो। (१) ईश्वरको भरमा रहीकन (२) चित्त-लाई कहिलेपनि फुर्न नदिनू, अर्थात् म मेरो भाव उठ्न नदिनू। यति हो, सार कुरा।

पहिले शुरू जो कुरा हो, त्यसैको दृढता नै अन्तिम कुरा हो। अर्थात् कर्मबाट शुरू हुन्छ ज्ञानमा समाप्त हुन्छ। नयाँ कुरा केही आउदैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



म मेरो भाव फुर्न नदिनु हो, कर्म र भक्ति। कर्म र भक्ति एकदम हराउनु हो ज्ञान। अर्थात् कर्मयोगी शुरू, ज्ञानयोगी पूर्ण। कुरा यत्ति हो।

शरीरबाट आफू अलग गरी देखाउनु यो शंकरले त्व सोधं, जगत्बाट अलग गर्‍यो बासिष्ठ ..... तत् सोधं।

पहिले आफू ब्रह्म थियो (सुषुप्तिमा हेर्नु) सुषुप्तिबाट उठ्यो जागेको छैन, सन्धिकालमा आफू इश्वर हो। भर्खर जाग्यो जगत् देख्यो यै प्रमाता र जगत् स्वप्न हो भनीकन जान्नु र ईश्वरको शरण लिनु, फेरि ईश्वरमा वस्नुलाई भक्ति भन्छन् फेरि आफू र ईश्वर वस्तु त एकरस ब्रह्म हो यस्तो जान्नु। यो ज्ञान हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जब अन्तस्करणको वृत्ति फुरेन, तव अन्तः स्करण अखण्डित हुने । अखण्डित भए आफू ब्रह्मको अनुभव हुन्छ । अभ्यास के हो । अन्तः करणलाई नफुराई आफू ब्रह्म भइराख्नु यसैको परिपाक सदाकालको निमित्त ब्रह्म हुनु (चतुर्थ भूमिका ) ।

भक्ति पूरा भए ईश्वर भन्ने आफ्नो स्वरूप बनेर आउँछ अर्थात् आफू ( आत्मा ) हो । कसरी थाहा हुन्छ ? ईश्वरको अनुग्रहले ।

भक्त पहिले ईश्वरलाई ग्रहण गर्छ, उसैको फलस्वरूप ईश्वर भक्तलाई पछि ग्रहण (अनुग्रह) गर्नुहुन्छ र भक्तको ईश्वरलाई आफ्नो स्वरूप भन्ने बोध हुन्छ । वृत्तिलाई उठ्न नदिए ईश्वर तत्व थाहा हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# सूक्ष्म कुराहरू

म मेरो भाव उठ्न दिएन,नजानी बुझीकन ईश्वरसित जुक्त भएर बस्छ । को ! कर्मयोगी । भक्तियोग माने कर्म छैन । किन्तु म मेरो भाव उठ्न पाएको हुनाले मन ईश्वरसंग युक्त भएर बस्छ । यो भक्तियोग हो । त्यसपछि विचार-द्वारा अर्थात् जानी बुझीकन शुद्ध बुद्धिको वृति द्वारा आफू प्रकाशरूप आनन्दरूप हो भनीकन जान्नु ज्ञानयोग हो । अर्थात् ईश्वरलाई आफ्नो स्वरूप भनी बुद्धिपूर्वक जान्नुलाई ज्ञान भन्छन् त्यसपछि आफूलाई शरीरको भित्र प्रकाशरूप मात्र हैन, किन्तु सारा शरीरहरू भित्र व्यापक प्रकाश आनन्द भन्ने परमात्मा हुनुहुन्छ, त्यै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आफू भनी जान्नु ज्ञानयोग हो । त्यसपछि अभ्यासद्वारा फल त्यै ब्रह्मवस्तु अखण्डित चित्त को सहायताले आफू भँ दिनु (हुनु) यसलाई सत्त्वापत्ति भन्दछन् ( चतुर्थ भूमिका ) ।

जान्नुबाट लाभ हुँदैन,हुनुबाट लाभ हुन्छ। जान्नु हो शुद्धचित्त देखी मायिको साक्षी भएर रहनु, हुनु हो ज्ञानी । सत्संगबिना यस्तो कुरा कहीं त्रिलोकमा पनि मिल्दैन । सत्संगभए श्रद्धा भए कुरा पाइन्छ ईश्वरद्वारा ।

( १) वासनापूर्वक । (२) वासना क्षय ।

शुद्ध चित्त हुनुको निमित्त कर्म र भक्ति चाहिन्छ, नत्र शुद्ध चित्त हुन सम्भव छैन । फेरि शुद्ध चित्त भएर आखिरी कुरा मिलेन । त्यसो भए सारा शरीरमा व्यापक प्रकाश वस्तु आफू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हो, यै जान्नुलाई साक्षी भएर रहनु भन्छन् । यसमा वासना रहन्छ । केको ? जगतको वासना रहन्छ। जस्तो खुदि आदीमा फँस्यो । वासनात्रयको अभ्यास नगरीकन ब्रह्म हुँन बन्दैन ! ब्रह्म न भए सुख छैन ।

## अन्तिम विदा हुने समयको उपदेश

आखिरी दुई कुरा याद्मा राख्नु भनि-भन्नु भयो :—

(१) म भाव (आफू भन्ने मान्छे) अन्तस्करणको विकार मात्र हो । त्यै कारणले रहँदैन पनि र सुषुप्तिमा यसको अत्यन्त अभाव हुन्छ । म भन्ने चेताउनुबाहेक क्यै कुरा हैन यस्तो म भन्ने वस्तु हो अत्यन्त तुच्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आफूले ग्रहण गर्ने लायक वस्तु हैन । किनकि चेताउनु भन्ने कुरा अत्यन्त तुच्छ वस्तु हो ।

(२) म भाव (प्रमाता भाव) दुई कुरा-को मिश्रणबाट बनेको हो । जस्तो फलाम र आगो मिलीकन तातो फलाम बन्छ त्यस्तै अ-हंकार भन्ने अन्तस्करणको वृति १ चेतन आत्मा २। अहंकार वृत्तिसित मिल्छ । दुई एक साथ मिलीकन प्रमाता भाव (मभाव) बन्दछ। यसैलाई अध्यास भन्छन् । त्यसो भए अहंकार वृत्ति मनको विकार भएको हुनाले परित्याग गर्न योग्य छ । त्यसकारण अहंकार भन्ने ग्रहण योग्य छैन । आफू त शुद्ध चेतन वस्तु हो, अहं-काररूप मनको विकारसित किन मिल्नु । वि-कार सदाकाल रहँदैन । सुषुप्तिमा यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


अत्यन्त अभाव देखिन्छ । यथार्थ आफू त त्यै बेला पनि रहिरहन्छ । एवम् प्रकारले अहंकार रूप मनको विकार अत्यन्त तुच्छ हुनाले परित्याग गर्नु योग्य छ । म भाव परित्याग गरेपछि, जगत् भाव पनि तुच्छ भएर आउँछ । जगत् भाव हो मेरो भन्ने वस्तु म भाव तुच्छ भए मेरो भाव (जगत् पदार्थ) पनि तुच्छ भएर जान्छ ।

म र मेरो तुच्छ भएपछि, जोग, कर्मजोग भक्तिजोग, र विचारजोग, सारा खडा हुन्छ र आफ्नो यथार्थ स्वरूप (ब्रह्म) प्राप्त हुन्छ । म र मेरो भाव हराए सारा ऐश्वर्य मिल्छ । यो सारा शास्त्रको निचोड सिद्धान्त कुरा हो । अब लामो कुरा केही छैन । बाटो बहुत छोटो छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



[illegible]ले ग्रहण गर्ने लायक वस्तु हैन । किनकि [illegible]
भए [illegible] कुरा अत्यन्त तुच्छ वस्तु हो ।
नभए जा[illegible] [illegible] कुरा-
कजना शेष रह[illegible], त्यै नित्य सुख रूप ह।, कुरा
यति हो ।

रहस्य कुरा

पंचाक्षर मंत्र सदा सर्वदा लिइराख्नू, क-
हिल्यै पनि न छोड्नू । जो भक्त सदाकाल यो
मन्त्र जपिरहन्छ, ईश्वर खुशी भै ज्ञानी तुल्याइ
दिनुहुन्छ ।

तीन कुरा

कर्मबाट–अन्तर्मुख हुन्छ ।
भक्तिबाट–चित्त निश्चल हुन्छ ।
ज्ञानबाट–आवरण रहित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अत्यन्त अभाव देखिन्छ । यथार्थ आफू त्यै
बेला पनि रहिरहन्छ । एवम् प्रकार
रूप मनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# ब्रह्मनिष्ठ डा०क्षितीशचन्द्र चक्रवर्ती द्वार
# रचित मोक्षो ोगी ग्रन्थहरू र प्राप्यस्था

## ग्रन्थरत्नहरू

गीतामृत, स्वरूप प्रकाश, आत्म प्रकाश, अम
वचन, आत्मानुसन्धान,सुखको बाटो (शान्तिगीता
ज्ञान सर्वस्व, ईश्वर विज्ञान, महौषधि, गीतारहस्य,
परमार्थ प्रश्नोत्तरी, बाशिष्ठामृत. ज्ञान साधन, मो-
क्षको अनन्य मार्ग, हस्तामलक र आत्मचिन्ता स्व-
रूपानुभव (हिन्दी,) ज्ञानालोक,
द्वैत सुधा, आत्म प्रदर्शन, वेदान्त
त्तरी), सूत्र प्रस्थान, अद्वैत चिन्ता
र, ज्ञानदीप,

## प्राप्यस्थान

अद्वैत संस्था प्रधान कार्यालय
सबै प्रमुख शाखा, शाखा, उपशाख
पुस्तक भण्डार मोठाहिरी काठमाण्
दिनेशकुमार कुन्छा बजार आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu